हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

# तीसौ वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण (माइन्यूट)
# २०८०

जि. पि. ओ. बक्स नं. १४८,
टेलिफोन नं : ५२४५०९०, ५२४५०९१
फ्याक्स नं : ५२४५०९९
इमेल नं. ktm@hei.com.np
थापागाँउ, काठमाडौं, नेपाल ।

हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

# हिमालयन एभरेष्ट ईन्स्योरेन्स लि.

थापागाँउ, जि.पि.ओ. बक्स १४८, काठमाण्डौं, नेपाल
फोन नं. ५२४५०९०, ५२४५०९१

मिति:२०८०/१०/२९/०२

विषय : <u>काम कारवाहीको विवरण (माइन्यूट) पठाएको</u> ।

श्री शेयरधनी महानुभावहरु,

वि. सं. २०८० साल माघ २५ गते विहिवार तद्नुसार सन् ०८ फेब्रुअरी २०२४ का दिन सम्पन्न यस कम्पनीको ३०औं वार्षिक साधारण सभाद्वारा पारित निर्णयहरु र काम कारवाहीको विवरण (माइन्यूट) जानकारीका लागि यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

हिमालयन एभरेष्ट इन्स्योरेन्स लि. काठमाण्डौ

भवदीय,

..........................
(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव

# हिमालयन एभरेष्ट ईन्स्योरेन्स लिमिटेडको
# ३०औं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माईन्यूट)

१. **वैधानिक सभा :**

हिमालयन एभरेष्ट ईन्स्योरेन्स लिमिटेडको ३०औं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूको सभापतित्वमा निम्नलिखित मिति, स्थान र समयमा सुसम्पन्न भयो । सो सभाको सूचना, सभाको विषयसूची, उपस्थिति, गणपुरक संख्या, सभाको बैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा प्रतिवेदन प्रस्तुती, छलफलमा सहभागी, छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्नोत्तर, सुझावहरु र सभाको निर्णयहरु समेतको काम कारवाहीको विवरण (माईन्यूट) कम्पनी ऐन, २०६३ को दफा ७५ वमोजिम देहाय अनुसार छन् ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति: २०८० माघ २५ गते विहिवार (सन् ०८ फेब्रुरी, २०२४)
२.२ स्थान: वानेश्वर व्याङ्केट, थापागाँउ, काठमाण्डौ
२.३ समय: विहान ११:०० वजे

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को व्यवस्था अनुसार कम्पनीको आर्थिक वर्ष २०७९/८० को मुद्रित वार्षिक प्रतिवेदन लगायत ३०औं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयसूची समेत उल्लेख गरी शेयरधनी महानुभावहरुको मोबाईल तथा ईमेलमा विद्युतिय माध्यमवाट पठाउनुको साथै मिति २०८०/०९/२७ र २०८०/१०/१२ गतेको दैनिक राष्ट्रिय पत्रिकाहरु क्रमश: "अभियान दैनिक" र "कारोवार दैनिक" मा संक्षिप्त वित्तिय विवरण समेत सम्वन्धित सवैको जानकारीको लागि सो सम्वन्धी जानकारी तथा सूचना प्रकाशित गरिएको थियो ।

४. **सभाको विषयसूची :**

**(क) सामान्य प्रस्ताव**

(१) ३०औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७९।०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) कम्पनीको आर्थिक वर्ष २०७९।०८० को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्यूटीमा भएको परिवर्तन र तत्सम्वन्धि अनुसूचीहरु पारित गर्ने ।

(३) संचालक समितिको सिफारिस वमोजिम चुक्ता पूंजी रु.२,३०,१५,३५,००० को ६.३७ प्रतिशतले हुन आउने रु.१४,६६,०७,७८० (वोनश तथा नगद लाभांसमा कर प्रयोजनको लागि) समेत नगद लाभांश प्रस्ताव पारित गर्ने ।

(४) संचालक समितिवाट रिक्त विज्ञ स्वतन्त्र संचालकको पदमा भएको नियुक्ती चार वर्षको लागि र रिक्त सस्थापक संचालकको पदमा भएको नियुक्ती वाँकि अवधीको लागि अनुमोदन गर्ने ।

(५) आर्थिक वर्ष २०८०।०८१ को लागि लेखापरीक्षको नियुक्ती र निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम अनुमोदन गर्ने ।

(६) विविध ।

**(ख) विशेष प्रस्ताव**

(१) संचालक समितिले सिफारिस गरे वमोजिम चुक्ता पूँजी रु. २,३०,१५,३५,००० को ८.६३ (आठ दशमलव छ तीन) प्रतिशतले हुन आउने रु.१९,८६,२२,४०० वरावरको वोनस शेयर जारी गर्ने । त्यसरी वोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखि नजिकको पुरा अंक कायम गर्ने । साथै वोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूँजी वृद्धि हुनेभएवाट सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने ।

काठमाण्डौ

(२) संचालकको सुविधा तथा भत्ता वृद्धि गर्ने र सोही अनुसार नियमावलीमा संशोधन गर्ने ।

(३) विशेष प्रस्तावको निर्णयहरुबाट प्रवन्धपत्र र नियमावलीको संशोधनहरुमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) विविध ।

५. <u>उपस्थिति :</u>

५.१ <u>संचालकहरुको उपस्थिति :</u>

१. श्री महेन्द्र कृष्ण श्रेष्ठ — अध्यक्ष
२. श्री विजित कृष्ण श्रेष्ठ — संचालक
३. श्रीमती अभिलाशा पन्त शर्मा — संचालक
४. श्री अजय रत्न स्थापित — संचालक
५. श्री हेम राज थापा — संचालक
६. श्री विजय कुमार पन्त — स्वतन्त्र संचालक

५.२ सल्लाहकार

१. श्री राजिव सापकोटा — सल्लाहकार (देश बाहिर प्रस्थानको जानकारी प्राप्त भएको)

५.३ <u>संचालकको अनुपस्थिति :</u>

१. सबै संचालकहरुको उपस्थिति रहेको ।

५.४ <u>पदाधिकारीहरुको उपस्थिति :</u>

१. श्री विजय बहादुर शाह — प्रमुख कार्यकारी अधिकृत
२. श्री कमल गौतम — वरिष्ठ उपकार्यकारी प्रमुख
३. श्रीमती अन्जु श्रेष्ठ — उपकार्यकारी प्रमुख

५.५ <u>लेखापरीक्षक</u>

२. श्री मनीष अमात्य — लेखापरीक्षक

५.६ कम्पनी सचिव

श्री ध्रुव प्रसाद न्यौपाने — कम्पनी सचिव

५.७ <u>शेयरधनीहरुको उपस्थिति :</u>

५.४.१ स्वयम् उपस्थित संख्या — ४०८ (चार सय आठ)
५.४.२ प्रोक्सी — १६ (सोह्र)
५.४.३ जम्मा उपस्थित संख्या — ४२४ (चार सय चौवीस)

६. <u>गणपूरक संख्या :</u>

| विवरण | संख्या | स्वयं उपस्थित | प्रोक्सी | जम्मा | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | ३०५१० | ४०८ | १६ | ४२४ | १.३९ |
| शेयर | २३०१५३५० | ३३०९०९३ | ८५२९३७७ | ११८३०४७० | ५१.४० |

७. **साधारण सभाको वैधानिकता :**

सभाको काम कारवाहीको प्रारम्भमा कम्पनी सचिव श्री ध्रुव प्रसाद न्यौपानेले कम्पनी र आफ्नो तर्फबाट कम्पनीको ३०औं वार्षिक साधारण सभामा भाग लिन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुबाट पाल्नु भएका प्रतिनिधिहरुलाई हार्दिक स्वागत गर्नुभयो र कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको प्रवन्धपत्र र नियमावली बमोजिम यो साधारण सभाको गणपूरक संख्या पुगेको र कानून अनुसार साधारण सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

८. **साधारण सभाको सभापतित्व र सभा संचालन :**

सभाको वैधानिकता एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम कम्पनी ऐन, २०६३ को दफा ७४(१) मा व्यवस्था भए अनुसार संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूको सभापतित्वमा सभा संचालन भयो । सभाको प्रारम्भमा सभापतिज्यूले उपस्थित सबैलाई स्वागत गर्दै सभाको काम कारवाही प्रारम्भ गर्नुभयो ।

९. **३०औं वार्षिक साधारण सभाको काम कारवाही प्रारम्भ:**

सर्वप्रथम प्रमुख कार्यकारी अधिकृत श्री विजय बहादुर शाहले ३०औं वार्षिक साधारण सभामा उपस्थित सबै आमन्त्रित तथा शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्नुभयो । उहाले मर्जर पछि कम्पनीले गरेको उन्नती प्रकाश पार्दै अन्य कम्पनीलाई समेत पछ्याउने आधार भएको जानकारी गराउनु भयो । साथै उपलब्ध साधन, स्रोत र प्रविधिको उच्चतम प्रयोग गर्दै कर्मचारीको मनोवल उच्च वनाई कम्पनीलाई निर्जीवन बीमा क्षेत्रमै उत्कृष्ठ वनाउन प्रयास गरिने जानकारी गराउनु भयो ।

१०. **कम्पनीको ३०औं वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति :**

१०.१ सभाको सामान्य प्रस्ताव विषयसूची नं. (१) अनुसार सभाका सभापती श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूले आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

१०.२ सभाको सामान्य प्रस्ताव विषयसूची नं. (२) मा उल्लेख भए अनुसार लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/८० को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूची प्रस्तुत गर्नुभयो ।

११. **छलफलको लागि आव्हान :**

११.१ सभापतीज्यूले सभाको काम कारवाही अगाडि बढाउनु हुँदै माथि उल्लेख भएको सामान्य प्रस्ताव विषयसूची नं. (१), (२), (३), (४), (५), र (६) तथा विषेश प्रस्ताव (१), (२), (३) र (४) मा उल्लिखित विषय तथा प्रस्तावहरु उपर समेत छलफल तथा समुचित निर्णयको लागि उपस्थित शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

सभापतीज्यूले सबैबाट सहयोग, सद्भावना र मार्ग निर्देशनको अपेक्षा गर्दै भविष्यमा कम्पनीको विकासमा सबैको निरन्तर सहयोग हुने विश्वाशका साथ विषयसूचीमा प्रवेश गर्न आग्रह गर्नु भयो ।

११.२ शेयरधनी महानुभावहरु मध्येबाट श्री व्यास कुमार शर्मा, श्री उत्तम दत्त पाण्डे, श्री ब्रम्हदेव शाक्य, श्री चन्द्र नारायण श्रेष्ठ, श्री सत्रुघन श्रेष्ठ, श्री गुणराज भट्ट, श्री सुदिप श्रेष्ठ, श्री वैजु नाथ रौनियार, श्री रोज कुमार श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री डमरु वल्लभ घिमिरे, श्री लक्ष्मी प्रकाश सैंजु, श्री ध्रुव राज न्यौपाने, श्री उत्तम पाठक, श्री नरसिंह लाल च:खु, श्री लवराज जोशी र श्री उत्सव सुन्दर श्रेष्ठ छलफलको क्रममा बोल्न नाम लेखाउनु भई बुदा नं. ११.३ अनुसार आ-आफ्नो मन्तव्य, जिज्ञासा तथा सुभावहरु व्यक्त गर्नुभयो ।

११.३ शेयरधनीहरुको मन्तव्य, जिज्ञासा तथा सुझावहरु :

- बोनश शेयर तथा नगद लाभांसको लागि धन्यवाद व्यक्त ।
- Return on Equity बढाउन पर्ने सुझाव व्यक्त ।
- New Product ल्याउन पर्ने सुझाव व्यक्त ।
- सफल मर्जरको लागि धन्यवाद व्यक्त ।
- Insurance Award को लागि बधाई व्यक्त ।

हिमालयन एभरेष्ट इन्स्योरेन्स
काठमाण्डौ

- Investment Income वढाउन पर्ने सुझाव ।
- Digitalization मा जान पर्ने सुझाव व्यक्त ।
- व्यवसायको वजार हिस्सा वढाउन सुझाव ।
- दावी भुक्तानीलाई प्रभावकारी वनाउन आग्रह ।
- वीमाको पहुंच वढाउन आग्रह ।
- कर्मचारी सुविधा तथा तालिममा विशेष ध्यान दिन आग्रह ।
- आगामी वर्ष अझ वढी वोनश शेयर तथा नगद लाभांस पाउने अपेक्षा ।
- ३०औ वार्षिक साधारण सभाको सफलता तथा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना ।

१२. <u>सभापतीज्यूको प्रत्युत्तर :</u>

१२.१ छलफलको क्रममा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञासा, मन्तव्य, सुझाव र सल्लाहलाई कम्पनीले सम्पत्तिको रुपमा ग्रहण गरेको सभापतीज्यूले जानकारी गराउदै धन्यवाद व्यक्त गर्नुभयो ।

१२.२ आगामी वर्ष शेयरधनीहरु लाई अधिकतम नगद लाभांस र वोनस शेयर दिन प्रयास गरिने जानकारी गराउनु भयो ।

१२.३ Investment Income वृद्धी गर्नेतर्फ ध्यान दिईने, Nepal Infrastructure Investment Fund मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिएको, प्रदेशहरुमा घरजग्गा खरिद तर्फ आवश्यक पहल गरिएको, आवश्यकता अनुसार शाखा विस्तार गरिएको, Digitalization तर्फ पहल गरिएको तथा कर्मचारी तालिमलाई समय सापेक्ष वनाईने जानकारी शेयरधनीहरुलाई गराउनु भयो ।

१२.४ यस चालु आर्थिक बर्षको २०८० पौष मसान्त सम्ममा १ अर्व ६७ करोड ८४ लाख प्रिमियम संकलन र कूल लगानी ४ अर्व ५८ करोड भएको सभालाई जानकारी गराउनु भयो ।

१२.५ चालु वर्षको सुचकांक राम्रो रहेकाले आर्थिक वर्ष २०८०/८१ को वितिय विवरण उत्साहप्रद हुने विश्वाश दिलाउनु भयो ।

१२.६ रचनात्मक सुझावहरुलाई महत्व दिई समयानुकूल कार्यान्वयन गर्दै जाने विश्वाश दिलाउनु भयो ।

<u>सभाको निर्णय :</u>

१३. (क) <u>साधारण प्रस्ताव :</u>

१३.१ <u>संचालक समितिको प्रतिवेदन पारित गर्ने :</u>

३०औं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (१) को प्रस्ताव अनुसार संचालक समितिको तर्फवाट अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.२ <u>लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ. व. २०७९/८० को वित्तिय विवरण पारित गर्ने :</u>

३०औं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (२) को प्रस्ताव अनुसार कम्पनीको लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/८० को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण पारित होस भनी सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर व्यापक छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.३ <u>चुक्ता पूंजीको ६.३७ प्रतिशतले हुन आउने नगद लाभांस रु.१४,६६,०७,७८०/- कर प्रयोजनको लागि समेत पारित गर्ने:</u>

३०औं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (३) को प्रस्ताव अनुसार संचालक समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/८० को मुनाफावाट हाल कायम रहेको चुक्ता पूंजी रु.,२३०,१५,३५,०००/- को ६.३७ प्रतिशतले हुन आउने नगद लाभांस रु.१४,६६,०७,७८०/- वोनश शेयर तथा नगद लाभांसको कर प्रयोजनको लागि समेत अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.४ <u>संचालक समितिवाट रिक्त विज्ञ स्वतन्त्र संचालक पदमा भएको नियुक्ती चार वर्षको लागि र संस्थापक संचालकको पदमा भएको नियुक्ती वाँकि अवधीको लागि अनुमोदन गर्ने:</u>

३०औं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (४) को प्रस्ताव अनुसार संचालक समितिवाट रिक्त विज्ञ स्वतन्त्र संचालक पदमा श्री विजय कुमार पन्तलाई मिति २०८० वैसाख ६ गते

देखि चार वर्षको लागि र संस्थापक संचालक पदमा श्रीमती अभिलाशा पन्त शर्मालाई गरेको नियुक्ती बांकि अवधीको लागि अनुमोदन गर्ने सर्वसम्मतीबाट निर्णय भयो ।

१३.५ **आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई अनुमोदन गर्ने :**
३०औं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (५) को प्रस्ताव अनुसार आर्थिक वर्ष २०८०/८१ को लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई अनुमोदन गर्ने प्रस्ताव उपर सभामा छलफल भई लेखापरिक्षक श्री सुरेश श्रेष्ठ एण्ड एसोसिएट्सका श्री सुरेश चन्द्र श्रेष्ठ, चार्टर्ड एकाउण्टेण्ट्सलाई नियुक्त गर्ने र कर लेखापरीक्षण समेतको लागि पारिश्रमिक रु.७,००,०००/- (सात लाख मात्र) मु. अ. कर वाहेक प्रदान गर्न स्विकृत गर्ने निर्णय भयो ।

१३.५ **विविध:**

विषयसूची साधारण प्रस्ताव नं. (६) को विविध शिर्षक अन्तर्गत कुनै विषय नभएको ।

१४. (ख) **विशेष प्रस्ताव :**

१४.१ **चुक्ता पुंजीको ८.६३ प्रतिशतका दरले शेयरधनीहरुलाई वोनस शेयर प्रदान गर्ने र सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने :**
३०औं वार्षिक साधारण सभाको विषयसूची विशेष प्रस्तावको नं. (१) अनुसार संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम रहेको चुक्ता पूंजी रु.२,३०,१५,३५,००० को ८.६३ प्रतिशतले हुन आउने रु. १९,८६,२२,४००/- बराबरको वोनस शेयर जारी गर्ने । त्यसरी वोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई नगद लाभांसबाट समायोजन गरी संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखि नजिकको पुरा अंक कायम गर्ने । साथै वोनस शेयर जारी गर्दा चुक्ता पुंजी वृध्दी हुने भएबाट सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सर्वसम्मतीबाट निर्णय भयो ।

१४.२ **संचालको सुविधा तथा भत्ता वृद्धि गर्ने सोहि अनुसार नियमावलीमा संशोधन गर्ने:**
३०औं वार्षिक साधारण सभाको विषयसूची विशेष प्रस्तावको नं. (२) अनुसार संचालकहरुलाई संचार, यातायात तथा पत्रपत्रिका सुविधा वापत प्रति महिना रु.२५,०००/- तथा प्रति वैठक भत्ता अध्यक्षको रु.१२,५००/- र अन्य संचालकहरुको रु.१०,०००/- कायम गर्ने । साथै संचालकको सुविधा तथा भत्ता वृद्धि हुने भएबाट सोही अनुरुप नियमावलीमा संशोधन गर्ने निर्णय भयो ।

१४.३ **संचालक समितिलाई अख्तियारी प्रदान गर्ने:**
३०औं वार्षिक साधारण सभाको विषयसूचीको विशेष प्रस्तावको नं. (१) र (२) अनुसार प्रवन्धपत्र र नियमावलीको संशोधनहरुमा नियमनकारी निकायहरुबाट कुनै फेर वदल थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

१४.४ **विविध :**
विषयसूची विशेष प्रस्ताव नं. (४) को विविध शिर्षक अन्तर्गत कुनै विषय नभएको ।

१५. **सभाको विसर्जन:**

सभापतीज्यूले ३०औं वार्षिक साधारण सभामा सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुका आमन्त्रित प्रतिनिधीहरु समेत सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । छलफलका लागि अन्य कुनै विषय बांकि नरहेको हुंदा आजको ३०औं वार्षिक साधारण सभा अपरान्ह २.०० बजे विसर्जन गर्नु भयो ।

(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव
मिति:२०८०।१०।२९

(महेन्द्र कृष्ण श्रेष्ठ)
अध्यक्ष